# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग २८ गते २०११ साल

## भाग ४

### उ. वा. खाद्यमन्त्रालयको विज्ञप्ति

पृ ६७।१८।०११ २७–८–०११

सस्तो धान चामलको फसलको टाइम मार्ग महिनामा पनि काठमाडौंमा खाद्यान्नको भाउ साबिकभन्दा सस्तो नभै दिन परदिन महँगी हुँदैगै यसभन्दा पनि महंगी हुनाको सम्भावना भएबाट सो हुन नपावस र बजारमा भाउ सस्तो होस भन्नाको लागी जनहितको बिचारबाट 'वस्तु नियन्त्रण अल्पकालीन अधिकार ऐन, २०११' बाट पाएको अधिकार प्रयोग गरी आदेशानुसार चारभन्ज्याङभित्रको लागी सो ऐन लागू गर्नेसमेत निम्न लिखित सरकारी आदेश प्रकाशित गरिएको छ। गजेटमा प्रकाश भएका मितिदेखि लागू हुनेछ।



मुद्रण विभाग, सिंहदरबार

९२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. चारभन्ज्यांगभित्रको लागी:—

क. कुनै कुनै व्यक्तिहरूले जनहितको ख्याल नराखी खेतखेत खलैखलामा गै घटी मोलमा धान खरीद गर्ने र पछि महँगो भाउमा बिक्री गर्न हाल बिक्री गर्नुपर्ने धान चामल पनि बिक्री नगरी स्टक राख्ने मुराद गरेकोले अब-काला- उपान्त खेतखेत खलैखलामा गै खाद्यान्न खरीद बिक्री गर्न नपाउने।

ख. ब्यू र घरव्यवहार समेतको लागी चाहिने भएबाट आफ्नो आयस्ताबाट फौजवानके महिना १को ।१५ पाथिका दरले आफ्नो भएको जहान हेरी वर्ष १ लाई चाहिने अन्न र दालसमेत पर सारी बढी हुनेहरूले यो विज्ञप्ति प्रकाश भएका १५ दिनभित्र आफ्नो कुल आउने खाद्यान्नको लगत र त्यसमा आएको, खर्च भएको, बिक्री भएको बाँकीसमेत देखिने गरी खाद्य बिभागमा दरखास्त दिई निस्सा लिनुपर्छ।

ग. बाहिरफेरा अधिरुधि खरीद गर्न नपाउने गरी रोकिएको ठाउँहरूमा गै कुनै कुनै व्यक्तिहरूले खाद्यान्न खरीद गरिदिएबाट पनि बजारको भाउ महँगी हुँदै आएको बुझिन्छ। कारण चारभन्ज्यांगभित्र यो दरमा बिक्री गरूँला भनी ल्याएका खाद्यान्न सोही मोलमा बन्जाहरूसँग बाहिरफेरा बिचैमा खरीद गरी भरिया वा मोटरबाट सहरमा ल्याउँदा खर्च पर्ने नै भै सो खर्चसमेत राखी जोडी नफासमेत राखी सहरमा ल्याई बिक्री गर्ने भएबाट पनि बजार भाउ दिन प्रतिदिन महँगी हुँदै जानु स्वाभाविकै भएकोले अबउपान्त त्यसो गर्न मनाही गरिएको छ र चारभन्ज्यांग उपत्यकाभित्र मोटर लहरीद्वारा खाद्यान्न ल्याउने समेत मनाही गरिएको छ।

घ. व्यापारीहरूको हकमा धान चामल मात्र बिक्री गर्ने पसलेहरूले धान चामल गरी १५ मुरी र अरू किसिमको माल सामान नून तेल पिठो दाल केराउ च्यूरा इत्यादि बिक्री गर्नेहरूले चामल मुरी ५। पाँच सम्म बिक्री-लाई स्टक राख्न पाउँछ। सोभन्दा बढी स्टक राख्नुपर्ने भएमा खाद्य

१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिभागमा दरखास्त दी निस्सा लिनुपर्छ । साथै खाली धान चामल मात्र बिक्री गर्नेहरुले आफ्नो बही खाता पनि तयार गरी राख्नुपर्छ र सरकारबाट जाँच भएमा देखाउनुपर्छ।

ङ. उपरोक्त दफा दफामा लेखिएको विरुद्ध काम गर्नेहरुलाई उक्त ऐनबमोजिम गरी सो ऐनको ७।१। दफाबमोजिम ३ वर्षसम्म कैदै वा सो-बर्खिलाप काममा परेका सम्पत्तिको मोलसम्मको जरिवाना या दुवै कुरा-को सजाय हुनेछ।

च. उपरोक्त म्यादभित्र दरखास्त नदिई कुनै किसिमबाट जाँच हुँदा आफ्नु जाहान हेरी फाजवान मैन्हाको १५ पन्ध्र पाथिको दरले खान र दालाई चाहिनेभन्दा बढी राखिएको देखिएमा जनहितको ख्याल नराखी संचय गरी राखेको ठहराई उक्त कानून बर्खिलाप गरेमा समेत उक्त कानूनबमोजिम हुनेछ र सो (घ) दफाबमोजिम तयार गरी राखे-को बही खाता झुठ या फरेब देखिन आए त्यस्तालाई सो ऐनको ६।२ दफाबमोजिम ५००० पाँच हजारसम्म दण्ड र ३ तीन बर्षसम्म कैदै या दुवै सजाय हुनेछ।

२. उपरोक्त दफा दफामा लेखिएबमोजिम १५ दिनभित्र दरखास्त नदिई जनहितको ख्याल नराखी खाद्यान्न संचय गरी राख्नेहरुको सुराक पाइ-एमा घर खानतलासी गर्नुपर्ने र खेतखेत खलैखलामा खरीद बिक्री गरे नगरेको, मोटर लहरीबाट खाद्यान्न ल्याए नल्याएको विचार गरी देखिएमा पक्राउ गरी कारवाहीको लागी इलाका अदालतमा पठाउनुपर्ने र बा-हिरफेरा बन्जाहरुसँग खरीद गरी शहरमा बिक्रीलाई ल्याए नल्याएको पनि बिचार गर्नुपर्ने भएबाट उक्त ऐनको ११ दफाबमोजिम सो घर खान तलासी गर्ने काम मैजिष्ट्रेटबाट हुनेछ र पुलीस सब इस्पेक्टरसम्मको अफिसरले लेखिएबमोजिम खेतखेत खलैखलामा बिक्री गरे नगरेको

९८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मोटर लहरीबाट खाद्यान्न ल्याए मल्याएको बन्जाहरूसँग बाहिरफेरा खरीद् भरे नभरेको हेरी विचार गरी देखिए पक्राउ गरी इलाका अदालतमा दाखिल गर्नेछ।

६. जिल्ला जिल्लाको लागीः—

क. जिल्ला जिल्लाको लागी जिल्लाको परिस्थिति हेरी तत्क अल्पकालीन अधिकार ऐन लागु गर्नुपर्ने बडाहाकिमको चित्तमा देखे भने सो ऐन लागू गरी सो ऐनबमोजिम सरकारबाट पाएको सबै अखत्यार बडाहाकिमहरूले प्रयोग गर्न पाउनेछन्।

आज्ञाले—

देवीप्रसाद गिरी,

का.मु. सेक्रेटरी—स्वायत्तशासन.

मुद्रण विभाग, सिंहदरबार

१२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।